नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(नागरिकता प्रतिलिपि शाखा)

☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
धनगढी,कैलाली

प.सं. ०७७।७८
चनं. ४६८२

मितिः- २०७७।११।१४

**विषयः-नागरिकताको सिफारिश सम्बन्धमा ।**

**श्री स्थानीय तह सबै,**
**कैलाली ।**

प्रस्तुत विषयमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धी अभिलेखलाई व्यवस्थित, वैज्ञानिक, आधुनिक एवं कागज रहित बनाउनका लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरू (Supporting Documents) नागरिकताको विस्तृत विवरण रहने गरी स्थापना भएको **नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS)** मा मिति २०७८/०१/०१ देखि अनिवार्य रुपमा उल्लेखित नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका महत्वपूर्ण प्रमाणजन्य कागजातहरू अपलोड गर्ने गृह मन्त्रालयको च.नं. ३४९ मिति २०७७/११/१३ को निर्देशनात्मक पत्र प्राप्त भएको हुँदा उक्त निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा तहाँ स्थानीय तहका सवै वडा कार्यालयबाट अनिवार्य रूपमा निम्नानुसार गर्ने व्यवस्था मिलाई आवश्यक सहयोग र समन्वय गरी दिनु हुन आदेशानुसार अनुरोध छ ।

निम्न

१. वंशज खुल्ने कागज (वुवा/आमाको नागरिकता) ।
२. जन्म मिति, जन्म स्थान र नाता खुल्ने कागजात (जन्म दर्ता) साथै शैक्षिक प्रमाणपत्रहरु ।
३. नागरिकताको अनुसूचि फाराम र सो अनुसूचि फाराम साथ संलग्न हुने कागजातहरुको साईजमा एक रुपता कायम गरी A4 साईजको कागज मात्र प्रयोगमा ल्याउने ।
४. नागरिकताको अनूसुचिमा टाँस हुने फोटोको हकमा हालसालै खिचिएको दुवैकान देखिने प्रष्ट र सफा फोटो मात्र टाँस गर्नु पर्ने ।
५. नागरिकताको अनूसुचिमा सिफारिश गर्ने वडा अध्यक्षज्यूको नाम, थर दस्तखत र छाप प्रष्ट रुपमा देखिने हुनु पर्ने ।
६. नागरिकताको अनूसुचिमा कार्यालयको छाप प्रष्ट रुपमा देखिने हुनु पर्ने ।
७. नागरिकताको अनूसुचिमा टाँस भएको फोटोमा समेत पर्ने गरी वडा अध्यक्षज्यूको दस्तखत र छाप अनिवार्य हुनु पर्ने ।
८. वडा अध्यक्षज्यूको अनुपस्थितिमा का.वा. अध्यक्षज्यूले सिफारिश गर्नु पर्ने हकमा का.वा. दिएको पत्र अनिवार्य रुपमा अनुसुचि साथ संलग्न गरी पठाई दिनु पर्ने ।
९. नागरिकताको अनूसुचिमा उल्लेख भएका सवै महलहरु अनिवार्य रुपमा भर्नु पर्ने ।
१०. नागरिकताको अनूसुचिमा कुनै प्रकारको केरमेट नगरी प्रष्टसँग भरी पठाउनु पर्ने ।
११. नागरिकता अनूसुचिको महल नं. ६,७,८ र ९ मा वुवा/आमा/पति/पत्नीको नागरिकता नं. समेत उल्लेख गरी पठाई दिने ।
१२. नयाँ नागरिकता वा नागरिकताको प्रतिलिपि सिफारिश गर्दा निज र निजको परिवार अन्यत्रबाट वसाई सराई भई आएको वा अन्यत्र गएको एकिन गर्नु पर्ने ।
१३. उमेर वढी भएकाहरुको हकमा रित पूर्वकको वडा मुचुल्का ।

वोधार्थ
श्री जिल्ला समन्वय समितिको कार्यालय, कैलाली :-
आवश्यक समन्वय र सहजिकरणको लागि अनुरोध ।

२०७७।११।१४
यादव बहादुर भण्डारी
प्रशासकीय अधिकृत

C:\Users\Dell\Desktop\नागरिकताको सिफारिस सम्बन्धमा I.docx

Scanned with CamScanner